# चुरे गाउँपालिका
(Chure Rural Municipality)
## गाउँ कार्यपालिकाको कार्यालय
(Office Of The Rural Municipal Executive)

प.सः २०८२/०८३
च.नं.

घरखेडा, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

### तेस्रो कार्यपालिका बैठक

आज मिति २०८२/०६/०८ गते बुधबारका दिन यस चुरे गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री चक्र बहादुर बोगटी रजवारको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारका निर्णय गरियो।

| | | |
|---|---|---|
| श्री चक्र बहादुर बोगटी रजवार | अध्यक्ष | |
| श्री धना देवी थापा | उपाध्यक्ष | |
| श्री डम्मर बहादुर सिंह | १ नं. वडा अध्यक्ष | |
| श्री केशव बहादुर सावद | २ नं. वडा अध्यक्ष | |
| श्री खगेन्द्र खडायत | ३ न. वडा अध्यक्ष | |
| श्री चन्द्र बहादुर लामिछाने मगर | ४ नं. वडा अध्यक्ष | |
| श्री बीर बहादुर धामी | ५ नं. वडा अध्यक्ष | |
| श्री प्रेम बहादुर साउँद | ६ नं. वडा अध्यक्ष | |
| श्री तुलसी कुमारी महता | कार्यपालिका- सदस्य | |
| श्री पुष्पादेवी बरै मगर | कार्यपालिका सदस्य | |
| श्री मनिसा बि.क. गौतम | कार्यपालिका सदस्य | |
| श्री सरोजनी धामी बोहरा | कार्यपालिका सदस्य | सरोजनी |
| श्री एकम बहादुर कामी | कार्यपालिका सदस्य | |
| श्री कलावती कामी | कार्यपालिका सदस्य | |
| श्री धर्मराज खत्री | सचिव | |
| आमन्त्रित | | |
| काली प्रसाद भट्ट | प्र. अधिकृत | |
| मनि रत्न [illegible] | [illegible] | |
| गोपाल [illegible] | [illegible] | |

Web: www.churemun.gov.np, email: chure.gaupalika@gmail.com http://info@churemun.gov.np

Mobile no. 9858485303, 9858488012, 9858488013

**तेस्रो कार्यपालिका बैठककका प्रस्तावहरु:**

१. "घ" बर्गको निर्माण व्यवसायी इजाजत पत्र दिने सम्बन्धमा ( लछू कन्स्ट्रक्सन एण्ड सप्लायर्स) ।
२. वडा नं. ४ को प्रशासनिक भवनको म्याद थप सम्बन्धमा ।
३. प्राविधिक कर्मचारीहरुको मासिक फिल्ड भत्ताको निरन्तरता सम्बन्धमा ।
४. भुमी शाखा अन्तर्गतजा कर्मचारीहरुको फिल्ड भत्ता निरन्तरता सम्बन्धमा ।
५. सूचना प्रविधि अधिकृत परिचालन (ITO Mobilization) कार्यविधि सम्बन्धमा, ( तह बृद्धि सम्बन्धमा) ।
६. नागरिक संलग्नता नीति स्वीकृत गर्ने सम्बन्धमा ।
७. कम्प्युटर सहयोग गर्ने सम्बन्धमा ।
८. मोटरसाईकल सहयोग गर्ने सम्बन्धमा ।
९. बजेट रकमान्तर सम्बन्धमा।
१०. वजेट माग सम्बन्धमा।
११. प्रहरी कार्यालयलहरुमा शान्ति सुरक्षाका कायम गर्न ईन्धन सहयोग गर्ने सम्बन्धमा।
१२. प्रहरी कार्यालयहरुमा आर्थिक सहयोग गर्ने सम्बन्धमा।
१३. आर्थिक सहयोग सम्बन्धमा ।
१४. ठेक्का आह्वान गर्ने सम्बन्धमा ।
१५. योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचीकृत गर्ने सम्बन्धमा ।

**निर्णयहरुः-**

**निर्णय नं. १** चुरे गाउँपालिका वडा नं. ६ मा अवस्थित **लछु कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्र.लि**. ले "घ" बर्गको निर्माण व्यवसायी इजाजतपत्रको लागि यस कार्यालयमा दिनु भएको निवेदन अनुसार उक्त फर्मले "घ" बर्गको इजाजत पत्र प्राप्त गर्नका लागि सम्पूर्ण प्रक्रिया पुरा गरी आवश्यक कागजात पेश गरेको हुँदा चुरे गाउँपालिकाको "घ" बर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ प्रथम संसोधन २०७९ को दफा २ को उपदफा ४ बमोजिम निर्माण व्यवसायी ईजाजत पत्र प्रदान गर्ने ।

**निर्णय नं. २** आ.व. २०७८/०७९ मा श्री कालीमाई कन्सट्रक्सन सँग योजना सम्झौता भई निर्माणाधिन अवस्थामा रहेको वडा नं. ४ को प्रशासनिक भवन ठेक्का नं ( CRM/ NCB/WORKS/02/2078/079 को म्याद यही पौष महिनामा सम्म रहेको र विविध कारणबस कार्य सम्पन्न हुन नसकेको तर कार्य द्रुत गरिमा अगाडी बढीरहेको र पुनः एकपटक म्याद थप गरिदिएमा थपेको अवधी भित्र कार्य सम्पन्न गर्ने भनि सम्बन्धित निर्माण व्यवसायीले प्रतिबद्धता सहित म्याद थप गरिदिन हुन भनि निवेदन दिएको हुँदा उक्त योजनाको म्याद आगामी २०८२ पौष मसान्त सम्मको लागि थप गर्न गाउँपालिकालाई निर्देशन दिने।

**निर्णय नं. ३** चुरे गाउँपालिकाको पूर्वाधार शाखा तथा वडा कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीहरुमध्य छैठौ तह सम्मका कर्मचारीहरुलाई चुरे गाउँपालिकाको **प्राविधिक कर्मचारी फिल्ड भत्ता कार्यविधि, २०८१** बमोजिम र सो कार्यविधीमा नसमेटिएका तहमिलान\तहवृद्दी वा अन्य तरिकाबाट नियुक्ति भएका सातौ\आठौँ तहका प्राविधिकहरुलाई मासिक रु. १५०००।–(पन्ध्रहजार) का दरले फिल्ड भत्ता उपलब्ध गराउने। साथै आ.व.२०८२।८३ को वजेट विनियोजन गर्दा फिल्ड कर्मचारीहरुको भत्ता शिर्षकमा बजेट विनियोजन हुन छुट भएको हुँदा हाललाई चुरे गाउँपालिकाको कन्टिजेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि.२०८१ बमोजिम कन्टिजेन्सी रकमबाट फिल्ड भत्ता उपलब्ध गराउने।

**निर्णय नं. ४** चुरे गाउँपालिका भुमी समस्या समाधान आयोगमा करार सेवामा कार्यरत प्राविधिक कर्मचारी सर्भेक्षक (१ जना) तथा अमिन (२ जना) लाई यस अघि उपलब्ध गराउदै आएको फिल्ड भत्तालाई श्रावण १(एक) गते देखीनै लागु हुने गरी चालु आ.व. मा पनि निरन्तरता दिने ।

**निर्णय नं. ५** प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम अन्तर्गत यस चुरे गाउँपालिकामा अधिकृतस्तर छैठौं तहको सूचना प्रविधि अधिकृतको रुपमा कार्यरत सुचना प्रविधि अधिकृत श्री कृष्ण बहादुर भाट लाई स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि, २०८२ को दफा (६) मा भएको व्यवस्था बमोजिम मिति २०८२ असोज १ गते देखी लागु हुने अधिकृतस्तर सातौ तह कायम गरी सोही बमोजिमको त.भ. उपलब्ध गराउने।

**निर्णय नं. ६** नेपालको संविधान , २०७२ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिइको अधिकार अन्तर्गत चुरे गाउँपालिकाको **नागरिक संलग्नता नीति, २०८२** स्वीकृत गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो।

**निर्णय नं. ७** मिति २०८२ भाद्र २३ र २४ गते भएको आन्दोलनको क्रममा जिल्ला समन्वय समिति कैलालीको कार्यालय भवन जलेर नष्ट भएको हुँदा हालला कार्यालयको दैनिक कामकाज गर्न कठिनाई भएको हुँदा कार्यालयको कामकाज नियमित रुपमा संचालन गर्नको लागि जिल्ला समन्वय समिति कैलाली एउटा डेस्कटप कम्प्यूटरर र श्री ईन वान (प्रिन्टर, स्क्यानर र फोटोकपी) प्रिन्टर मेसिन माग गरेको हुँदा जिल्ला समन्वय समिति कैलाली कार्यालयको मौजदातमा भए मौजदात बाट सो नभए नयाँ खरिद गरी हस्तान्त्रण गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ८** मिति २०८२ भाद्र २३ र २४ गते भएको आन्दोलनको क्रममा जिल्ला प्रशासन कार्यालय कैलालीको कार्यालय भवनका साथै सरकारी सवारी साधन जलेर नष्ट भएका हुँदा जिल्ला प्रशासन कार्यालय कैलालीबाट केही समयको लागि एउटा दुई पाङ्ग्रे सवारी साधन मोटर साईकल उपलब्ध गराईदिन भनि अनुरोध भई आएकोमा हाललाई यस कार्यालयमा मर्मत गराउनु पर्ने अवस्थामा रहेको दुई पाङ्ग्रे सवारी साधन ( मोटरसाइकल से.१ ब. ९६२) लाई मर्मत गरी उपलब्ध गराउने निर्णय सर्वसम्मतिले पारित गरियो।

**निर्णय नं ९** मिति २०८२।४।२३ र २४ गतेको जेन जी आन्दोलनका क्रममा चुरे गाउँपालिका वडा नं ४ का वडा अध्यक्ष श्री ले प्रयोग गर्दै आएको से १ ब ५८८ नम्मरको मोटरसाईकल आन्दोलनकारीले जलाई नष्ट गरी प्रयोग अयोग्य भएको हुँदा नयाँ मोटरसाईकल खरिद गर्न अति आवश्यक देखिएकोले आर्थिक वर्ष २०८२।८३ मा ठेक्का भईसकेको वयला-वडा कार्यालय हुँदै ढुङ्गेनी सम्म सडक स्तरउन्नती योजनाबाट बचत हुन आएको रकम मध्येबाट पछि गाउँसभाबाट अनुमोदन हुने गरी हाललाई देहायबमोजिम रकमान्तर गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो।

| घटाउने तर्फ | | | | | |
|---|---|---|---|---|---|
| बजेट उप शिर्षक | खर्च शिर्षक | स्रोत | कार्यक्रमको नाम | रकम | कैफियत |
| ८०७७७५०२२०१ | ३११५१ | संघिय समानीकरण | वयला-वडा कार्यालय-ढुङ्गेली सडक स्तरोन्नती | ३,५०,०००।– (तिन लाख पचास हजार) | |
| वढाउने तर्फ | | | | | |
| ८०७७७५०२२०१ | ३११५१ | संघिय समानीकरण | मोटर साईकल खरिद | ३,५०,०००।– (तिन लाख पचास हजार) | |

**निर्णय नं १०** यस चुरे गाउँपालिका अन्तर्गतका विभिन्न स्थानका युवाहरुलाई युवा सशक्तिकरण र लागु औषध दुर्व्यसनी सम्बन्धमा जनचेतनामुलक कार्यक्रम संचालन गर्नुपर्ने आवश्यकता देखिएकोले सो कार्यक्रम संचालनका लागि आवश्यक पर्ने वजेट उपलब्ध गराईदिनका लागि सुदुरपश्चिम प्रदेश,आन्तरिक मामिला तथा कानुन मन्त्रालयलाई अनुरोध गर्ने।

**निर्णय नं. ११** नेपाल सरकार गृह मन्त्रालयले यस चुरे गाउँपालिका भरी शान्ती सुरक्षा कायम गर्नको लागि स्थापना गरिएका घरखेडा प्रहरी चौकी र अस्थायी प्रहरी पोष्ट खानीडाँडाले कार्यालय प्रयोजनको लागि इन्धन माग गरेको हुँदा दुवै कार्यालयलाई प्रति महिना १५/१५ लिटर पेट्रोल उपलब्ध गराउने ।

**निर्णय नं. १२** नेपाल सरकार गृह मन्त्रालयले यस चुरे गाउँपालिका भरी शान्ती सुरक्षा कायम गर्नको लागि स्थापना गरिएका घरखेडा प्रहरी चौकी र अस्थायी प्रहरी पोष्ट खानीडाँडाले हिन्दुहरुको महान चाड बडा दशैं को उपलक्षमा महाअष्टमीमा मौलो पुजा गर्नको लागि बोका माग गरेको हुँदा सोका लागि उक्त कार्यालयहरुलाई आर्थिक सहायता शिर्षक बाट भुक्तानी हुने गरी रु. बाह्र/बाह्र हजार रकम उपलब्ध गराउने ।

**निर्णय नं. १३** आफ्नो आर्थिक अवस्था कमजोर रहेको हुँदा उपचार गर्न कठानाई भईरहेको र बिभिन्न मितिमा आएका अविरल बर्षा तथा बाढी पहिरोले गर्दा घर खेत बगाएको भनि तपसिल बमोजिमका व्यक्तिहरुले आर्थिक सहायताका लागि निवेदन दिएकोमा चुरे गाउँपालिकाको आर्थिक सहायता( वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ तथा चुरे गाउँपालिकाको विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६ बमोजिम तपसिलका व्यक्तिलाई तपसिल बमोजिम आर्थिक सहायता तथा राहत उपलब्ध गराउने ।

| क्र. स. | नाम/थर | ठेगाना | सहयोग रकम रु. | शिर्षक |
|---|---|---|---|---|
| १ | जय बहादुर धामी | चुरे-५ | रु. २५०००।०० | विपद व्यवस्थापन कोष |
| २ | जोगी धामी | चुरे-५ | रु. २५०००।०० | विपद व्यवस्थापन कोष |
| ३ | गोपाल बहादुर साउँद | वडा नं. -१ | रु. १५०००।०० | आर्थिक सहायता |
| ४ | मान बहादुर बि.क. | वडा नं.- ३ | रु.२००००।०० | आर्थिक सहायता |
| ५ | टिकावती गुरुङ | वडा नं. -४ | रु. २५०००।०० | आर्थिक सहायता |
| ६ | युवा स्वरोजगार नेपाल ( राधा बराल) | सुदूरपश्चिम प्रदेश, नेपाल | रु. २००००।०० | आर्थिक सहायता |
| ७ | बसहर युवा क्लव | चुरे गाउँपालिका ३ | रु.२३०००।- | आर्थिक सहायता |

**निर्णय नं. १४** चालु आ.व. २०८२/०८३ स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत रहेका तपसिल बमोजिमका आयोजनाहरुको विद्युतीय बोलपत्र E- Bidding मार्फत ठेक्का आह्वान गर्नेः

| क्र.स. | योजना | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | धनेडी, गिथडा , सिम्ती सडक स्तरोन्नती | चुरे -६ | ठेक्का प्रक्रियामा हुन सक्ने अनुमानित घटी कबोल अंकको आधारमा हाललाई विनियोजन रकम भन्दा बढी रकमको रु. १,६०,४२,१२३.५९।—(कन्टिजेन्सी सहित) ठेक्का आह्वान गर्ने र यदी कबोल अंक घटी |

| | | | |
|---|---|---|---|
| | | | नभएमा सोको दायित्व गाउँपालिकाले वेहोर्ने । |
| २ | निगाली खैराला सडक स्तरोन्नती | चुरे-१ र २ | ठेक्का प्रक्रियामा हुन सक्ने अनुमानित घटी कबोल अंकको आधारमा हाललाई विनियोजन रकम भन्दा बढी रकमको रु. २७,०९,१८७.६९।—(कन्टिजेन्सी सहित) ठेक्का आह्वान गर्ने र यदी कबोल अंक घटी नभएमा सोको दायित्व गाउँपालिकाले वेहोर्ने । |

**निर्णय नं. १५** योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ र योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५ बमोजिम सामाजिक सुरक्षा कोषमा रोजगार दाताका रुपमा चुरे गाउँपालिकालाई सूचीकृत गरी य स गाउँपालिकामा कार्यरत अस्थायी, करार र ज्यालादारी कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा योगदान कर्ताको रुपमा सूचीकृत गर्ने।